## मानव वन्यजन्तु द्वन्द्व के हो, किन हुन्छ ?

वन्यजन्तु र मानवले आफ्नो आवश्यकता पूरा गर्ने र क्षेत्राधिकार विस्तार गर्ने क्रममा एक–आपसमा गर्ने सङ्घर्ष नै मानव वन्यजन्तु द्वन्द्व हो । मानव वन्यजन्तु द्वन्द्वको विषय नयाँ होइन, मानव सभ्यताको विकास सँगसँगै यी दुई पक्षबीच द्वन्द्व रहँदै आयो । अहिलेको हाम्रो विकासे मोडलबाट अगाडि बढ्ने हो भने यो द्वन्द्व अझ बढ्ने निश्चित प्रायः छ ।

मानव र वन्यजन्तुबीचको द्वन्द्व मुख्यतः दुई प्रकारले हुने गर्दछ : एक, मानवले वन्यजन्तुलाई पुऱ्याउने हानीनोक्सानी । दुई, वन्यजन्तुले मानवद्वारा सृजित सम्पत्तिमाथिको क्षति । मूलतः मानवको जनसङ्ख्या र आवश्यकताको वृद्धिसँगै वन्यजन्तुको एकल क्षेत्राधिकारभित्र मानवले जबर्जस्ती र एकपक्षीय ढङ्गले धावा बोलेपछि यो सवाल ज्वलन्त रूपले अगाडि आयो । यो सवालमा बेलैमा सहअस्तित्व, सहकार्यको मोडेलले अगाडि नबढाउने हो भने यो अझ भयावह र घातक ढङ्गले अगाडि बढ्ने प्रायः निश्चित छ ।

सरकार र जनताको अहोरात्र मेहनतले वन्यजन्तुको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ । स्वभावतः जनावरको सङ्ख्यामा वृद्धि भएपछि आहार, वासस्थानको खोजीले जनावर जङ्गल बाहिर आउने र बालिनाली नोक्सान गर्ने, घरपालुवा जनावर, घरगोठमा क्षति पुऱ्याउने र कतिपय अवस्थामा मानवलाई घाइते बनाउने र मारिदिने समेत गरेको पाइन्छ । हाम्रो छिमेकी जिल्ला बैतडीमा दुई दर्जन बालबालिकालाई चितुवाले मारेको दुःखद् अवस्था हामीलाई थाहै छ । अधिकांश अवस्थामा वन्यजन्तुलाई प्रतिशोधपूर्ण व्यवहारले घाइते बनाउने, खेद्ने, वासस्थानमा दक्खल दिने र जनावरलाई मारिदिने (Retaliatory Killing) सम्म गर्ने गरेको पाइन्छ । यसरी एकातिर जङ्गलको, वन्यजन्तुको अवस्थामा सुधार भएको छ भने अर्कोतर्फ मानव र वन्यजन्तुबीचको द्वन्द्व देखिने गरेर बढोत्तरी हुँदै गएको छ । यो दुवै पक्षको (मानव तथा वन्यजन्तु) लागि अत्यन्त नकारात्मक छ ।

पछिल्लो समय सहरी विकास सँगसँगै जथाभावी खोलिएका पूर्वाधार, जङ्गलको फँडानी, अतिक्रमण, जनावरको गुणस्तरीय वासस्थानको (Qualitative Habitat) खण्डिकरण, क्षयीकरण र विनाश, आहाराको नोक्सानी, डढेलो, ठूला तथा मांसाहारी जनावरको आहारा प्रजाति बँदेल, मृग प्रजातिलगायतको चोरी शिकारीले जनावरको आहारबिहारमा प्रतिकूल असर परेको छ । यसका अलावा कतिपय वन्यजन्तुको सङ्ख्यामा अत्यधिक वृद्धि, वन्यजन्तुको आहारबिहार, आनीबानीमा परिवर्तन भई पोषिलो कृषिबालीमा निर्भरता बढ्दो देखिएको छ, जसले गर्दा मानव वन्यजन्तु द्वन्द्वमा बढोत्तरी भएको छ ।

## डडेल्धुराको अवस्था

डडेल्धुरा नेपालको धेरै वनजङ्गल भएको जिल्ला मध्ये एक हो, जिल्लाको करिब ७५ प्रतिशत भू–भाग वनजङ्गलले ढाकिएपछि यहाँ वन्यजन्तुको बासस्थान र चहलपहल हुनु स्वाभाविक नै हो । डडेल्धुरामा पछिल्लोपटक जङ्गली बदेल र बाँदरले बालीनालीमा क्षति पुऱ्याउने क्रम निकै वृद्धि हुँदै गएको छ । कैयौं किसानले जङ्गली जनावरले अत्यधिक दुःख दिएका कारण नियमित बालीनाली लगाउन नै छोड्नुपरेको र बालि लगाए पनि फरक प्रजातिको (जनावरलाई मन नपर्ने) लगाउन बाध्य भएको कुरा बताउनुभएको छ, जुन हाम्रा लागि दुःखद् हो । पछिल्लो समय मानिसलाई समेत गम्भीर घाइते बनाएको जानकारी पाइएको छ । सौभाग्यवश डडेल्धुरामा अहिलेसम्म मानवीय क्षति भने बेहोर्नु परेको छैन ।



## मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणको उपाय

मानव वन्यजन्तु द्वन्द्व फरक–फरक अवस्था र प्रकृतिमा फरक फरक ढङ्गले हुने गरेको छ । मानिस र जनावरको प्रकृति, अवस्था हेरेर द्वन्द्व हुने गर्दछ । तसर्थ, एकै प्रकारको समाधान अर्को प्रकृति र अवस्थालाई काम नलाग्न सक्छ । जनावरमा पनि ठूला शाकाहारी (हात्ती, गैंडा) र मांशाहारीले (बाघ, चितुवा) गर्ने क्षतिको प्रकृति र न्यूनीकरणको अवस्था फरक छ भने साना शाकाहारी र साना मंशाहारीको अवस्था फरक छ । तसर्थ, यही नै भनेर यहाँ किटान नगरी सामन्यतः साझा हुने उपायलाइ संक्षिप्त चर्चा गरिनेछ । यदि थप जानकारी चाहिएमा वन कार्यालयमा सम्पर्क राख्न सक्नु हुनेछ ।

कुनै पनि जङ्गलको छेउछाउमा बस्ने र हानि हुन सक्ने सम्भावित जोखिम क्षेत्रमा रहने व्यक्तिले **'सुरक्षा पहिले' (Safety First)** भन्ने अवधारणालाई सर्वप्रथम ध्यान दिनुपर्ने हुन्छ । यसको अलावा तपसिलबमोजिमका बुँदामा ध्यान दिनुपर्नेछ :

- साँझ परेपछि सकभर बाहिर ननिस्कने, निस्कने परे सतर्कता अपनाएर मात्र निस्कनु पर्छ
- साँझ परेपछि जङ्गली जनावर पस्न सक्ने खालको झ्यालढोका राम्ररी बन्द गर्नुपर्छ ।
- घरको वरिपरी झाडी तथा घाँस सफा गर्नुपर्छ, जसले गर्दा हिंस्रक जनावर लुक्न पाउँदैनन् ।
- घरमा चर्पी व्यवस्था गर्नुपर्छ र चर्पीको लागि जङ्गल जानु हुँदैन ।
- साँझ अबेरसम्म केटाकेटीलाई घरबाहिर खेल्न दिनु हुँदैन ।
- वनभित्र जाँदा समूहमा जाने गर्नुपर्छ ।
- जङ्गलको बाटो भएर विद्यालय जानुपर्ने भए आफ्ना केटाकेटीलाई एक्लै नपठाई समूहमा पठाउनु पर्छ ।
- घरमा सबैले कुकुर बाँधेर पाल्नु आवश्यक छ किनभने हिंस्रक जनावरबाट कुकुरले सावधान गराउँछ ।
- घर तथा बरन्डामा जाली र रातको समयमा उज्यालोको व्यवस्था गर्ने ।
- हिस्रक जनावरको सम्भावना भएको क्षेत्रमा राम्रो खोरको व्यवस्थापन गर्ने, सम्भव भएसम्म जालीको व्यवस्था गर्ने ।
- बालीनालीको वरिपरी तारजाली, ट्रेन्च वा घेराबेराको व्यवस्था ।
- त्यहाँका जनावरले मन नपराउने खालका बालि लगाउने वा बालि बिमाको व्यवस्था आदि ।
- गाउँमा जङ्गली जनावरले मान्छेलाई आक्रमण गरेमा तुरुन्त नजिकका अन्य गाउँमा पनि खबर गर्नुपर्छ ।
- वन्यजन्तुले पुऱ्याएको जनधनको क्षतिबारे सम्बन्धित निकायलाई (वन कार्यालय, प्रहरी, प्रशासन, स्थानीय सरकार) यथाशीघ्र जानकारी गराउनुपर्छ ।



यी र यस्तै प्रकृतिका काम गर्ने, पछिल्लो पटक विकास भएका केही नयाँ प्रविधिको प्रयोग गर्ने साथै परमपरागत रूपमा प्रयोग हुँदै आएका स्थानीय प्रविधि प्रयोग गर्ने ।

## वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोगसम्बन्धी जानकारी

नेपाल सरकारले मानव र वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि विभिन्न विधिको अवलम्बन गरेको छ, जसमा वन्यजन्तुबाट क्षति भएमा केही राहतको व्यवस्था गरेको छ । तर यसरी वितरण गरिने राहत संरक्षित वन क्षेत्र वा राष्ट्रिय वन क्षेत्र बाहिर घटेको घटनामा मात्र दिइने व्यवस्था गरेको छ । नेपाल सरकार (म.प.) बाट मिति २०६९।१०।१८ मा स्वीकृत वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ (दोस्रो संशोधन २०७४ र तेस्रो संशोधन २०७५) ले वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग पाउन तपसिलका निर्देशन गरेको छ ।

## राहत मागदावी गर्दाको कार्यविधि

- राहत सहयोग माग गर्ने व्यक्तिले बाटोको म्याद बाहेक घटना घटेको मितिले कम्तीमा ३५ दिनभित्र सम्बन्धित संरक्षित क्षेत्र वा डिभिजन वन कार्यालयसमक्ष तोकिएका कागजात संलग्न गरी निवेदन दिनुपर्नेछ ।
- यसरी प्राप्त हुन आएका निवेदनमाथि राहत वितरण सिफारिश समितिले निर्णय गरी उपलब्ध गराउनुपर्ने राहतको रकम सम्बन्धित संयोजकको कार्यालयमार्फत् नजिकको संरक्षण क्षेत्रको कार्यालयमा माग गर्नु पर्नेछ ।
- सम्बन्धित संरक्षण क्षेत्रको कार्यालयबाट राहत रकम उपलब्ध भएपछि संरक्षित क्षेत्रको हकमा सम्बन्धित संरक्षित क्षेत्रको कार्यालय र डिभिजन वन कार्यालयको हकमा डिभिजन वन कार्यालयमार्फत् पीडितको हकवालालाई कम्तीमा २ जना माथवर साक्षीको रोहवरमा राहत रकम भुक्तानीको व्यवस्था गर्नु पर्नेछ ।
- राहत वितरण गर्दा मानवीय क्षति भएमा मृतकको हकमा नजिकको हकवाला, गम्भीर तथा सामान्य घाइतेको हकमा निज, स्वंय वा निजको मञ्जुरीनामाको आधारमा र अन्य क्षतिको हकमा सम्बन्धित हकवालालाई राहत रकम उपलब्ध गराइनेछ ।
- मानिसको मृत्यु र गम्भीर घाइते भएको अवस्थामा पीडित पक्षबाट माग भएमा मानिसको मृत्यु भएकोमा रु. ५०,०००।– (पचास हजार) सम्म र गम्भीर घाइते भएकोमा रु. १०,०००।– (दश हजार) सम्म पीडितले राहत पाउने रकमबाट सोधभर्ना हुने गरी सम्बन्धित कार्यालयबाट अग्रिम भुक्तानी दिन सकिनेछ ।
- निर्देशिकाबमोजिम वितरण गरिने राहत रकम सकेसम्म चेकमार्फत् भुक्तानी गरिनेछ ।

## संस्थागत संरचना

- निर्देशिका बमोजिमको राहत तत्कालीन क्षेत्रीय वन निर्देशनालयमार्फत् उपलब्ध गराइने गरेकोमा अहिले नजिकको संरक्षण क्षेत्रमार्फत् उपलब्ध गराइन्छ, जसअनुसार डडेल्धुरा जिल्लाको सन्दर्भमा शुक्लाफाटा राष्ट्रिय निकुञ्ज, कञ्चनपुरमार्फत् उपलब्ध हुनेछ ।
- जिल्लास्तरमा राहत उपलब्ध गराउनका लागि निम्नबमोजिमको एक राहत वितरण सिफारिश समिति रहनेछ :

- संरक्षित क्षेत्रको हकमा सम्बन्धित संरक्षित क्षेत्रका कार्यालय प्रमुख र वन क्षेत्रको हकमा डिभिजनल वन अधिकृत : संयोजक
- सम्बन्धित मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्र उपभोक्ता समितिका अध्यक्ष : सदस्य
- सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिको अध्यक्ष : सदस्य
- सम्बन्धित गाउँपालिका वा नगरपालिकाको निर्वाचित प्रतिनिधि वा प्रमुख प्रसासकिय अधिकृत : सदस्य
- उपलब्ध भएमा जिल्ला कृषि विकास कार्यालय (हाल कृषि ज्ञान केन्द्र) वा पशु विकास कार्यालयका प्रतिनिधि (क्षतिको किसिमअनुसार) : सदस्य
- समितिले आवश्यकताअनुसार अन्य विज्ञ प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

## राहत रकमको हद

### मानवीय क्षतिका लागि

- सामान्य घाइतेका लागि घाइतेको प्रकृति हेरी प्रेषित कागजात र सिफारिशका आधारमा बढीमा रु. २०,०००|- (बीस हजार)सम्म औषधोपचार खर्च दिने ।
- सख्त घाइतेका लागि घाइतेको प्रकृति हेरी प्रेषित कागजात र विशेषज्ञ चिकित्सकको सिफारिशका आधारमा बढीमा रु. २,००,०००|- (दुई लाख) सम्म औषधोपचार खर्च दिने व्यवस्था रहेकोमा वन्यजन्तुबाट हुने क्षतिको राहत निर्देशिका तेस्रो संशोधन २०७५ अनुसार वन्यजन्तुबाट घाइते हुनेलाइ औषधोपचार गर्दा दुइ लाखभन्दा बढी खर्च लाग्ने अवस्था भएमा नजिकको जुनसुकै अस्पतालमा आकस्मिक (इमर्जेन्सी) उपचार गराउँदा लागेको खर्च र तत्पश्चात् सरकारी अस्पतालमा उपचार गराउँदा लाग्ने सम्पूर्ण खर्च त्यस्तो अस्पतालको सिफारिशमा नेपाल सरकारले बेहोर्ने ।
- मृतकको आश्रित परिवार र हकवालाका लागि रु. १०,००,०००|- (दश लाख) राहत रकम दिने ।

### पशुधनको क्षतिका लागि

- वयस्क भैंसी वा जोत्ने उमेरको राँगो वा गोरु वा उन्नतजातको गाई वा साँढेको मृत्यु भएमा रु. ३०,०००|- (तीस हजार) सम्म ।
- अन्य पशुका लागि वस्तुभाउको प्रकार हेरी प्रेषित कागजात र सिफारिशका आधारमा बढीमा रु. १०,०००|- (दश हजार) सम्म तर पशुधनको बीमा गरेको अवस्थामा बीमा रकम कटाएर राहत उपलब्ध गराइनेछ ।

### घरगोठ क्षतिका लागि

- सम्बन्धित उपभोक्ता समिति तथा कार्यालयका प्रतिनिधि समेतबाट प्राप्त क्षतिसम्बन्धी प्रतिवेदन र सिफारिशका आधारमा निम्नानुसारको राहत रकम उपलब्ध गराइनेछ :
  - घरगोठ क्षतिको प्रकृति हेरी प्रेषित कागजात र सिफारिशका आधारमा बढीमा रु. १०,०००|- (दश हजार) सम्म ।
  - भकारीमा भण्डारण





गरिएको अन्नको मूल्याङ्कन गरी प्रेषित कागजात र सिफारिशका आधारमा बढीमा रु. १०,०००|- (दश हजार) सम्म ।

### खाद्यान्न बालीको क्षतिका लागि

सम्बन्धित उपभोक्ता समिति, गाउँ विकास समिति र नगरपालिका तथा कार्यालयका प्रतिनिधिसमेतबाट प्राप्त क्षतिसम्बन्धी प्रतिवेदन र सिफारिशका आधारमा खाद्यान्न बालीको क्षतिको क्षेत्रफल र प्रकृति हेरी बढीमा रु. १०,०००|- (दश हजार)सम्म राहत रकम उपलब्ध गराइनेछ । तर एक मौसममा लगाएको बालीको हकमा एकपटक र वर्षमा दुईपटकमा नबढ्ने गरी राहत रकम उपलब्ध गराइनेछ ।

सरकारले उपलब्ध राहत रकम केवल राहत मात्र हो । यसले सम्पूर्ण क्षति कहिल्यै पूरा गर्न सक्दैन भन्ने कुरामा हामी स्पस्ट हुनु जरुरी छ । यसले क्षति भएकालाई सामान्य मलमको काम मात्र गर्न सक्छ । तसर्थ, यसको सबैभन्दा उत्तम उपाय भनेको आवश्यक सतर्कता अपनाउनु र क्षति हुन नदिनु हो । सरकारी राहतमा जाँचबुझ आदिले निकै ढिला हुने लामो समय लाग्ने आदि समस्याले सामुदायिक वनले पनि आफ्नो कोषबाट तत्काल राहत मिलाउन सक्छन् भने अहिले कतिपय पालिकाले आफ्नो कोषबाट रकम विनियोजन गरी किसानलाई राहत र वन्यजन्तु भगाउने मेशिन आदि खरिद गरेका पाइएको छ, यो स्वागत योग्य कुरा हो । हाम्रो डडेल्धुरामा पनि सामुदायिक वन र पालिकामार्फत् यस्ता राहत रकम वितरणलाई प्राथमिकता दिन जरुरी छ ।

अन्त्यमा, यो धर्ती हामी सबैको साझा हो, यो धर्तीमा जति हाम्रो हक छ, उत्तिकै हक ती जङ्गली जनावरको पनि छ । फरक यति हो कि हामी हाम्रो अधिकार हनन् भयो भनेर बोल्न सक्छौं, सुनाउन र कानुनी उपचार खोज्न सक्छौं तर ती जनावर यी सबै गर्न सक्दैनन् र हामीले उनीहरूका विषयमा सोचिदिन्नौं । हामी केवल हाम्रो नोक्सान भएको कुरा मात्र बताइरहन्छौं । समस्याको मूल जड यहीँनेर छ भन्ने हाम्रो बुझाइ छ । तसर्थ, सहअस्तित्वको माध्यमबाट जीवनयापन गर्ने, उनीहरूको वासस्थान सुरक्षित गर्ने, उनीहरूलाई खलबल नपुऱ्याउने, शिकार गर्ने, मार्ने, लखेट्न काम नगर्ने हो भने एकहदसम्म यो समस्याबाट छुटकारा पाउन सकिन्छ । हामीले वन्यजन्तु हाम्रा दुश्मन होइनन्, यी प्रकृतिका उपज हुन् र यिनको संरक्षण पनि हाम्रो दायित्व हो भन्ने कुरामा अनुभूत गर्यौं र सोही अनुसारको व्यवहारको प्रदर्शन गरियो भने पनि एक हदसम्म सफल हुनेछौं ।



# मानव-वन्यजन्तु द्वन्द्व

## परिचय, कारण र समाधान



प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
**डिभिजन वन कार्यालय, डडेल्धुरा**
फोन नं. ०९६-४२०१४५
Email : dfodadeldhura096@gmail.com
website : dfodadeldhura.gov.np